बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिवास, गोरखा
मधेश प्रदेश, नेपाल
२०७३

रामभणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बैठकका प्रस्तावहरु:

१) आर्थिक सहयोग सम्बन्धमा,

२) निशुल्क औषधी तथा सामग्री खरिद सम्बन्धमा,

३) सिटी केयर हस्पिटलको अनुमती सम्बन्धमा,

४) मगर दिवसको भुक्तानी सम्बन्धमा,

५) कार्यक्रम संचालन अनुमती सम्बन्धमा,

बैठकका निर्णयहरु:

१) प्रस्ताव नम्बर एक उपर छलफल गर्दा, देहायका ब्यक्तिहरुलाइ आर्थिक सहयोग उपलब्ध गराउने भन्ने निर्णय गरियो।

१) बर्दिवास नगरपालिका वडा नं . १४ बस्ने बर्ष ५० को बुलो सदाको हात भाँचिएर बर्दिवास अस्पतालमा भर्ना भएकोमा निजको शल्यकृयाद्धारा उपचार हुँदा उपलब्ध नभएको सामग्री तथा जाँचहरुको शुल्क तिर्न निजको आर्थिक अवस्था कमजोर रहेकोले रु ५३,०८०/- सहयोग गर्ने भनी निर्णय गरियो।

२) प्रस्ताव नम्बर दुई उपर छलफल गर्दा, चालु आ.व. २०८२/०८३ को मिति २०८२/०५/३१ गते सार्वजनिक खरिद अनुगमन कार्यालय(PPMO)-E-bdding मार्फत निशुल्क औषधी खरिद गरिएकोमा स्वास्थ्य संस्थाहरुमा औषधीको अभाव तथा पुन सूचना गरी खरिद गर्न समयको अभाव भएकोले PPMO मार्फत नै छनोट भएको मेडिगोलेड ईन्टरनेशनल प्रा.लि.,ठिमी-१,भक्तपुर संग आवश्यकता अनुसारको औषधी खरिद गर्ने भनी निर्णय गरियो।

३) प्रस्ताव नम्बर तीन उपर छलफल गर्दा, बर्दिवास नगरपालिका वडा नं. १ मा संचालनमा रहेको सिटी केयर हस्पिटललाई प्राप्त कागजातको आधारमा हाललाई १ (एक) बर्षको लागि संचालन गर्न अनुमति दिने भनी निर्णय गरियो।

४) प्रस्ताव नम्बर चार उपर छलफल गर्दा, नेपाल मगर संघ,जिल्ला समिति,महोत्तरीको च.न.१०६,मिति २०८२/११/१६ गतेको पत्रानुसार ४४ औँ मगर दिवस सफल पार्न रु ९९,५००/- आर्थिक सहयोग माग भइ आएको हुँदा स्थापना दिवसको अवसरमा कार्यक्रम गर्दा बखतको रु ९९,५००/-(उनान्नसय हजार पाँच सय मात्र) को भुक्तानी गर्ने भनी निर्णय गरियो।

५) प्रस्ताव नम्बर पाँच उपर छलफल गर्दा, काठमाण्डौँ महानगरपालिका वडा नं. १०,काठमाण्डौ स्थित हाई इफिसिएन्सी एग्रो टुरिजम एण्ड हेल्थ अवारनेस संस्थालाइ बर्दिवास नगरपालिका भित्र पेश गरिएको परियोजना अनुसारको काम गर्न संस्थाको बिधान मगाई अध्यय गरी संचालन गर्न अनुमति दिने भनी गर्ने निर्णय गरियो।